# आदिवासी जनजाति: सियार

## अति सिमान्तिकृत समूह

**संस्थाः**

गोरखा जिल्लाको उत्तरी भागमा चुम उपत्यका अवस्थित रहेको छ । यस उपत्यकामा गोरखा जिल्लाको दुई गा.वि.स. हरु चुम्चेत र छेकम्पार पर्दछन् । यस चुम उपत्यका गणेश हिमाल र स्रिङगी हिमालको फेदमा करिब समुन्द्र सतह देखि १,८९० मीटर उचाईमा पर्दछ । गोरखा जिल्लाको उत्तर पूर्वबाट पश्चिम दक्षिण हुदै बग्ने सियार खोलाको पूर्वमा तिब्बतसँग जोडिएको यस चुम उपत्यकाको दुई गा.वि.स.हरुमा बसोबास गर्ने जनजातिहरु लाई "चुम्बा" (सियार) भनेर चिनिन्छ ।

यो जातिको उत्पत्ती थलो तिब्बती भएता पति करिब ६-७ सय बर्ष पहिले चुम उपत्यकामा आई बसोबास गरेको हुनाले चुम उपत्यकालाई नै यिनीहरुको मूलथलो मानिन्छ । तिब्बति भाषामा नुप्री भनेका पश्चिमतिर भन्ने बुझिन्छ भने श्यारले पूर्वीतिर वा पूर्व दिशा भन्ने बुझिन्छ । त्यसैले नुप्रीबाट पूर्वीतिर श्यार खोला छ । त्यसै खोलालाई संकेत गरी शियार खोला भनिएको र सो शियार खोला छेकम्पार गाविस हुदै बुढीगण्डकीमा मिसिएको छ ।

यस जातिले आफ्नो थरमा लामा लेख्ने गर्दछन् । तर चुम उपत्यकामा बस्ने भएको हुनाले यस जाति मानिसहरुले आफुलाई चुम्बा भनेर जातिय पहिचान दिन चाहन्छन् ।

यस उपत्यका पौराणिक, धार्मिक तथा ऐतिहासिक हिसाबले महत्वपूर्ण मानिन्छ ।आठौं शताब्दीमा बौद्धधर्म गुरु मिलारेपाले चुममा आई यहाँ आई ध्यान गरेको भन्ने विश्वासअनुरुप गुरुपद्मसम्भव को पुजा गरिन्छ । यस उपत्यका लाई "वियुल" लुकेको पवित्र स्थल पनि भनिन्छ । परापूर्वकालमा बौद्धमार्गी लामा गुरुहरु यस शान्त, रमणीय ठाँउमा आई ध्यान गर्ने हुनाले यस ठाँउ लाई "वियुल" भनेर भनिएको भन्ने स्थानीयहरुको भनाई छ । किम्बदन्ति अनुसार गुरु पद्म सम्भबलाई किमो (सियार भाषामा पोथी कुकुर) ले बाटो देखाउदै यस उपत्यकामा ल्याएको त्यस भन्दा अघि यस उपत्यकामा मानव बसोवास नरहेको स्थानीयहरुको भनाई रहेकोछ । सियार जातिका मानिसहरुले आफुलाई चुम उपत्यकाको भुमीपुत्र पनि भन्छन् अहिले पनि चुम उपत्यकामा सियार जातिको मात्र बसोबास रहेको पाईन्छ ।

१२ औं शताब्दीमा तिब्बतबाट आएर यस उपत्यकामा ध्यान गरेका बौद्धगुरुले एक जना स्थानी महिलासंग फापरको रोटी खानको लागि माग्दा उक्त महिलाले आधा रोटीमात्र दिएको हुनाले यस उपत्यकाको आधा भाग जमिनमा मात्र खेती हुने भन्ने भनाई यस क्षेत्रका स्थानी बासिन्दाको छ ।

यस क्षेत्रमा महत्वपूर्ण ऐतिहासिक गुफा, मानी तथा गुम्बाहरु छन् ।धार्मिक आस्था र विश्वासले गर्दा यस क्षेत्रलाई हिंसा मुक्त क्षेत्र घोषित गरिएकोछ । यस क्षेत्रमा कुनै पनि किसिमको जिवजन्तु मार्नका लागि रोक लगाइएकोछ । कुनै जिवजन्तु मारेमा सजायस्वरुप जरिमाना गर्ने प्रचलन छ । लामा सेराप दोर्जे द्रुपा रिम्पोचे ले सन् १९२० मा चुम उपत्यकालाई "साक्या" अर्थात हिंसारहित क्षेत्र घोषणा गर्ने भनेर ७ बुदे नियम प्रस्ताब गरेकाथिए । उक्त स्वीकृत गरिएका ७ बुदे नियमहरु निम्न लिखित छन्: १. शिकार गर्न नपाईने २.पासो थाप्न नपाईने ३.मह निकाल्न नपाईने ४.कसाईलाई गाईबस्तु बेच्न नपाईने ५.चौरीगाईको बाछो तथा अन्य जलचर, थलचर सानाठुला प्राणीहरुको हिंसा गर्न नपाईने ६. मांस प्रायोजकका लागि पशु आयात निर्यात मार्गमा पूर्णत प्रतिबन्ध लगाउने ७.पहाड पर्वत र बनपासामा आगो लगाउन नपाईने भनेर उल्लेख गरिएकोछ ।

सियार जातिको पारिवारिक संरचना हेर्दा दुबै संयुक्त परिवार र एकल परिवारमा बस्ने प्रचलन रहेकोछ । यस जातिमा बहुपति प्रथाको प्रचलन रहेको छ । तर नँया पुस्तामा यो चलन घट्दै गएको पाईन्छ ।

यस जातिमा परम्परागत मुखिया प्रथा प्रचलनमा रहेको छ । मुखियालाई स्थानीय भाषामा "धन्छेन" भनिन्छ कार्तिकमा बालीनाली भित्राए पछि नँया मुखिया चुनिन्छ । मुखियाहरुको अवधि एक वर्षको हुन्छ उनीहरुको मुख्य जिम्मेबारी भनेको गाँउको मुद्दा मामिला हेंर्ने, गाँउका मानिसहरुको खेतीबालीको सुरक्षा गर्नु रहेकोछ । यस बाहेक वडा हेंर्ने मुखियाहरु पनि हुन्छन् उनीहरुलाई घन्के भनिन्छ । गाँउको मुखिया धन्छेन पुरुष मात्र हुने गर्दछ भने वडा को मुखिया घन्के महिला पनि हुने गर्दछ ।

सियार जातिको मुख्य पेशा कृषी र पशुपालन रहेकोछ । हिमाली क्षेत्रमा बसोवास गर्ने यस जातिले हिमाली क्षेत्रमा पाईने उब्जनी हुने फापर, आलु, कोदो, मकै, करु, ओखर आदिको उत्पादन गर्दछन् । त्यसैगरी पशुपालनमा चौरी, भेडा, च्यांग्रा, घोडा आदि पाल्ने गर्दछन् । कृषी र पशुपालन बाहेक यिनीहरु पुर्खौ देखि सिमापार तिब्बतमा गई ब्यापार गर्ने पनि गर्दछन् । तिब्बतिहरु घिउ, चिनी, लुगा, कपडा, जुत्ता, सलाई, चुरोट, थर्मोप्लास्ट, साबुन, रक्सी ब्याट्री, डिटरजेन्ट पाउडर आदि किन्छन् भने त्यसबाहेक नुन, च्याङ्ग्राको छाला, चामल, उन, बोसो नेपालमा ल्याइन्छ । पहिले पहिले नुन र अन्नको ब्यापार त्यति चलेन । त्यसबेला नुन र अन्न बराबर साटिन्थ्यो(गुरुङ,२०७३:१६) । पहिला सिमापार तिब्बतमा आँउजाउ सजिलै संग गर्न सकिन्थ्यो कुनै रोकतोक थिएन अहिले भने तिब्बत जानका लागि सिमा कार्ड देखाउनुपर्ने हुन्छ । तिब्बत आउँजाउँ चैत्र देखि कार्तिक महिना सम्म हुने गर्दछ ।

सियार जातिका सबै मानिसहरु बोद्ध धर्म मान्ने गर्दछन् । चुम उपत्यकामा धैरे बुद्ध गुम्बाहरु छन् । १२ औं शताब्दीमा बौद्ध गुरु मिलारोपाले यहाँको गुफामा आई तपस्या गरेको भन्ने भनाई बाट पनि यस उपत्यकामा पहिले देखिनै बौद्ध धर्मको प्रभाव रहेको भन्ने कुराको पुष्टि हुन्छ । छकम्पार र चुम्चेत गा.वि.स मा बाटो दुबैतिर छोरतेनहरु भेटिन्छन् । त्यसैगरी छोरतेन बनाउँन प्रयोग गरिएका तथा त्यस्का वरीपरी रहेको शिलालेख हरुमा बौद्ध धर्म सम्बन्धि श्लोकहरु कुदिएका हुन्छन् । सियार जातिले मनाउँने बिभिन्न चाडपर्बहरुमा धानछेन, साकाधावा, नारक पूजा आदि पर्दछन् । नारक पूजा धार्मिक, सामाजिक तथा संस्कृतिक पर्वको रुपमा मनाईन्छ । यो पर्व जाडोको मौसम समाप्त भएपछि र वर्षे बाली लगाउने समय शुरु हुनु अघि बैशाख र जेठ महिना भित्र अथवा जाडो प्रारम्भ हुनु अघि र बालानाली भित्रयाइ सकेपछि मंसिर महिनामा यो पूजा गरीन्छ । यो पुजा गाँउ अनुसार फरक फरक समयमा फरक फरक गुम्बामा गर्ने गरिन्छ । यसको तिथिमिति लाप्राङ लामाहरुले आफ्नो परम्परागत पात्रो हेरेर तय गर्ने गरिन्छ । यस नारक पूजा गर्नाले आफुले जान अन्जानमा गरेका पापहरुबाट मुक्ती मिल्ने र ग्रह दशाहरु समेत कटाउँछ भन्ने धार्मिक विश्वास छ । पूजाहरु संचालन तथा व्यवस्थापन गर्नका लागि परम्परागत धार्मिक संस्था स्थापना गरिएको हुन्छ जसलाई सियार भाषामा "नारा छोप्पा" भनिन्छ । यस नारा छोप्पामा १९ जना गाउलेहरुको तर्फबाट र बाँकी गुम्बाका लामाहरु गरेर जम्मा २५ जना सदस्य रहने प्रचलन छ ।

पूजा गुम्बा परिसरमा संचालन हुन्छ । पूजामा पाठ गर्ने ग्रन्थलाई स्थानीय सियार भाषामा "थुक्टुक" भनिन्छ । मन्त्रहरु तिब्बती र संस्कृत दुबै भाषामा लेखिएको हुन्छ । त्यसैगरी पुजाको समयमा विषेश किसिमका बाजाहरु जस्तै घण्टी (टिल्पु), डमरु (ज्याम्रा), त्रिशुल (खटम), राल्टी , धोर्चे आदि बजाईने गरिन्छ । पुजामा "छयाम्" नाँच नाच्ने प्रचलन छ ।यस्ता पर्वहरुले समाजका सदस्यहरुमा आत्मीयता र सामाजिक सद्भाव कायम राखी सम्पूर्ण जातिलाई एकताको सुत्रमा बाध्न महत्वपूर्ण भुमिका खेल्दछ ।

**सन्दर्भ सामाग्रीः**


मगर श्रीस, मीन.२०७५चाडवाडहरुको समाजशास्त्रीय विश्लेषण, ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

गुरुङ, चेत कुमारी.२०७३ जलवायु परिवर्तत र यसका असरहरु (चुमको डायरी), ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

राष्ट्रिय संस्कृति नीति २०६७,संघीय मामिला, संविधानसभा, संसदीय ब्यवस्था तथा संस्कृति मन्त्रालय सिंहदरबार, काठमाडौं